तारकेश्वर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

धर्मस्थली, काठमाण्डौ

बागमती प्रदेश, नेपाल

## आ.व. २०८३/०८४ को लागि ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल र माटोको बिक्री शुल्क संकलन ठेक्का सम्बन्धी बोलपत्र आह्वानको सूचना

तेस्रो पटक प्रकाशित मिति:२०८३/०५/१७

तारकेश्वर नगरपालिकाको कार्यालयबाट नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ खण्ड घ (६) र दफा ६४ को उपदफा १(च) साथै बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८३ को दफा ९ को उपदफा (१) र (३) मा व्यवस्था भए बमोजिम यस नगरपालिका क्षेत्रबाट आ.व. २०८३/०८४ को लागि देहाय बमोजिमको आन्तरिक आय संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८३ को अनुसूची ५ मा तोकिएको दर रेटमा यस नगरपालिका क्षेत्रभित्रबाट संकलन भई आन्तरिक खपत वा अन्यत्र निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल र माटो लिई गुड्ने सवारी साधन सग नगरपालिकाबाट तोकिएको शर्तहरुको अधिनमा रही बिक्री शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक (मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०८२/०८३ सम्मको फर्म नविकरण, कारबाही वा कालोसूचीमा नपरेको स्व-घोषण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र) भएका फर्म वा कम्पनीबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. (भ्याट बाहेक) | बोलपत्र जमानत रकम रु | कैफियत |
|---|---|---|---|
| तारकेश्वर न.पा. क्षेत्र भित्र | रु १,८४,०५,८१८.७९ (अक्षरेपी एक करोड चौरासी लाख पाँच हजार आठ सय अठार रुपैया उनासी पैसा मात्र) | रु ९,५०,००० | |

शर्तहरु:

१. बोलपत्र पेश गर्दा फर्मको हकमा आ.व. २०८२/०८३ सम्मको फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि र कम्पनीको हकमा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि , आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै कारबाही वा कालोसूचीमा नपरेको स्वघोषणा पत्र र मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ । माथि उल्लेख भएका कागजात सहित https://tarakeshwormun.gov.np बाट Bid Document Download गरी प्राप्त भएका सबै बोलपत्र फारामहरु रीतपूर्वक भरी फर्म/कम्पनीको छाप लगाएर सूचना प्रकाशित भएको मितिले चौथौं कार्य दिन (२०८३/०५/२३ गते सम्म) को १२:०० बजेभित्र हार्डकपि मार्फत बोलपत्र राजश्व शाखामा Submission गर्नुपर्नेछ । यसरी हार्डकपि पेश गर्दा बोलपत्र फाराम पेश गरेको निवेदन पाना एक र ठेक अंक कबोल गरेको पाना एक गरी जम्मा दुई पाना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । यी दुई वटा कागजात तोकिएको समयसीमा र रीतपूर्वक पेश नगरेमा उक्त बोलपत्रलाई वैध मानिने छैन । पेश भएका बोलपत्रहरु सोही

धर्मराज लम्साल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

दिनको ०२:०० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोलिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदाको लगत्तै पछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समय र स्थानमै सो कार्य गरिनेछ ।

२. बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन

३. बोलपत्र पेश गर्दा न्यूनतम बिक्रि ठेक्का रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रु ९,५०,०००/- धरौटी रकम यस कार्यालयको एन.आई.सी.एसिया वैकमा रहेको खाता नं. १७ सि ए ५०१५०९५२४००६ मा रकम जम्मा गरेको भौचरको प्रतिलिपि वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तीमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल राष्ट्र वैक वाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य वैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बैंक ग्यारेन्टी (Bank Bid Bond) अनिवार्य रुपले बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

४. बोलपत्र भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा केरमेट नगरी स्पष्ट संग लेख्नु पर्ने छ, अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

५. ठेकेदारले सम्झौतामा तोकिएको क्षेत्र र दररेटमा मात्र शुल्क असुल गर्न पाउनेछ ।संकलन तथा बिक्री शुल्कको दररेट तपसिल बमोजिम रहेको छ ।

<u>तपसिल:</u>

| सि. नं. | विवरण | इकाई | दर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | माटो | प्रति घन फिट | रु. ३.५० |
| २. | ढुंगा, गिट्टी, ग्राभेल, रोडा र वालुवा | प्रति घन फिट | रु. ७.०० |

६. ठेकेदार र कार्यालय वीच ठेक्का सम्बन्धी कुनै किसिमको झै झमेला पर्न आएमा सो को समाधान गर्न तारकेश्वर नगरकार्यपालकाले निर्णय गरे वमोजिम हुनेछ ।

७. संकलन तथा बिक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धिकर तथा शुल्कहरु प्रस्तावक स्वयंले तिर्नु पर्ने छ । कार्यालयमा वुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत वुझाई सकेपछि मात्र धरौटी रकम फिर्ता हुने छ ।

८. रोडा, ढुङ्गा, वालुवा, ग्राभेल, माटो लगायतको तोकिएको निकासीजन्य वस्तुहरु स्वीकृत क्षेत्रबाट मात्र व्यक्तिगत, सार्वजनिक, पर्ति जग्गा तथा वन क्षेत्रमा क्षति हुने गरी निकाल्न पाईने छैन ।

९. जिल्ला अनुगमन समिति तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१०. IEE प्रतिवेदनमा उल्लेखित स्थानहरुको हकमा तोकिएको मापदण्डमा रही मात्र नदीजन्य सामग्रीहरु उत्खनन् गर्नुपर्नेछ, साथै स्वीकृत IEE प्रतिवेदनमा भएको सामग्रीहरुको प्रयोग गरी नदीजन्य सामग्रीहरु उत्खनन् गर्न बाधा पर्नेछैन । कार्यालयबाट IEE को प्रतिवेदन प्राप्त गर्न सकिनेछ ।

११. पानीले पखालेको चिसो वालुवा पानी चुहाउँदै सडकमा ढुवानी गर्न गराउन पाईनेछैन, साथै ढुङ्गा, गिट्टी, वालुवा लैजादा छोपेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।

धर्मराज लम्साल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१२. कुल कवोल अंकलाई दुई किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कुल कवोल अंकको ५० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै बुझाउनु पर्नेछ र बाकी ५० प्रतिशत रकम सम्झौता भएको छ महिना भित्र बुझाउनु पर्नेछ ।

१३. सम्झौता गर्दा प्रथम किस्ता बुझाएपछि हुन आउने बाँकी रकमको २०८४ मंसिर मसान्त सम्म म्याद भएको र नेपाल राष्ट्र वैंक वाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य वैंकको कार्य सम्पादन ग्यारेण्टी (Performance Bond) पेश गर्नुपर्ने छ ।

१४. आ.व. २०८३/०८४ को लागि कर संकलन म्याद सम्झौता गरेको मितिदेखि २०८४ जेष्ठ मसान्तसम्म कायम हुनेछ ।

१५. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात काबु बाहिरको परिस्थिति बाहेक कुनै किसिमको छुट, मिनाहा वा माफी दिइने छैन ।

१६. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भए पश्चात निर्धारित समय भित्र कार्यालयमा सम्झौता गरिसक्नु पर्नेछ ।तोकीएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत हुनेछ ।

१७. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१८. बिशेष अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

१९. यसमा उल्लेख नभएका अन्य कुराहरु नेपाल सरकार बाट जारी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन समेत) मापदण्ड, २०७७, बागमती प्रदेश सरकार हेटौंडाबाट जारी गरेको नदीजन्य पदार्थ (उत्खनन् र उपयोग) कार्यविधि, २०७५ र प्रचलित कानुन बमोजिम हुनेछ ।

धर्मराज लम्साल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू                                                    मितिः

तारकेश्वर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

धर्मस्थली काठमाडौं बागमती प्रदेश नेपाल

विषयः **बोलपत्र फाराम पेश गरेको सम्बन्धमा ।**

महोदय,

तारकेश्वर नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मिति २०८३ साल भाद्र १७ गते प्रकाशित सूचना बमोजिम आन्तरिक आय ठेक्का बन्दोवस्ती सम्बन्धी कार्यको लागि यो बोलपत्र पेश गरेको छु/छौं ।

मैले/हामीले यो बोलपत्र पेश गर्दा यो फाराम साथ संलग्न भएको सूचनामा उल्लेख भएका शर्त लगायत अन्य सबै व्यहोरा अध्ययन गरेको र ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् र बिक्रि सम्बन्धी प्रचलित कार्यविधि समेत बुझेको छु/छौं । उक्त आन्तरिक आय ठेक्का सम्बन्धी कार्यको लागि बोलपत्र फाराममा उल्लेख गरे बमोजिम रु..................................... (अक्षरेपी रकम रु. ...........................................................................................मात्र) कबोल गरेको छु/छौं ।

धरौटी वापतको रकम त्यस कार्यालयको एन. आई. सी. एसिया वैकमा रहेको खाता नं. १७ सि ए ५०१५०९५२४००६ मा रकम रु. .......................................(अक्षरेपी रकम रु. ...........................................................................................मात्र) नगद जम्मा गरेको सक्कल बैंक भौचरको प्रतिलिपि वा मिति २०८.../.../... गतेसम्म म्याद भएको ................................................................. बैंकबाट त्यस कार्यालयको नाममा जारी भएको सक्कल बैंक जमानी पत्र (Bid Bond) लगायत अन्य आवश्यक प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम खरिद रसिद संलग्न गरी पेश गरेको छु/छौं ।

यस बोलपत्र सम्वन्धमा तारकेश्वर नगरपालिका नगरकार्यपालिकाको कार्यालयले गरेको सम्पूर्ण कारवाहीहरुमा मेरो/हाम्रो पूर्ण मञ्जुरी रहनेछ ।

फर्म वा कम्पनीको छापः

फर्म वा कम्पनीको नामः

ठेगानाः

प्रोपाईटरको नामः

ठेगानाः

प्रोपाईटरको हस्ताक्षरः

मितिः

तारकेश्वर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाण्डौ
बागमती प्रदेश, नेपाल

(आ.व. २०८३/०८४ को लागि ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल र माटोको बिक्री शुल्क संकलन ठेक्काको ठेक अंक कबोल गरेको फाराम)

| सि.नं. | आय ठेक्काको नाम र नं. | न्यूनतम कायम बिक्री शुल्क रकम रु.(भ्याट बाहेक) | फर्म/कम्पनीको कबोल अंक रकम रु. (भ्याट बाहेक) | | बोलपत्र धरौटी विवरण | | | | बैक जमानत/बैंक भौचर नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | बैंक जमानत | | बैंक भौचर | | | |
| | | | | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | | |
| १ | आ.व. २०८३/०८४ को लागि ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल र माटोको बिक्री शुल्क संकलन ठेक्का (ठे.नं ०१/२०८३/०८४) | रु १,८४,०५,८१८.७९ (अक्षरेपी एक करोड चौरासी लाख पाँच हजार आठ सय अठार रुपैंया उनासी पैसा मात्र) | | | | | | | | |

बोलपत्रसाथ संलग्न सूचनामा रहेको शर्तहरुको अधिनमा रही उपरोक्त बमोजिमको कार्यको लागि यो बोलपत्र पेश गरेको छु/छौं । यस कार्यका तारकेश्वर नगरपालिकाबाट गरिने ठेक्का सम्बन्धी सम्झौताका अन्य शर्तहरुमा समेत मेरो/हाम्रो मञ्जुरी रहनेछ ।

फर्म वा कम्पनीको छापः

फर्म वा कम्पनीको नामः
ठेगानाः
प्रोपाईटरको नामः
ठेगानाः
प्रोपाईटरको दस्तखतः
मितिः

(यस पानामा उल्लेख भएको सम्पूर्ण विवरण भरी सो को स्क्यान कपी पुनः वेवमा अपलोड गर्नुपर्ने)

धर्मराज लम्साल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली काठमाडौं
बागमती प्रदेश नेपाल

बोलपत्र प्रक्रियामा भाग लिन योग्य भएको स्वःघोषणाः

<u>जो जस संग सम्वन्ध राख्दछ ।</u>

कुनै पनि किसिमको प्रचलित कानूनले तोकेको खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्थार्थ नवाझिएको र पेशा सम्वन्धी कसुरमा कुनै किसिमको सजाय नपाएको व्यहोरा घोषणा गर्दछु ।

बोलपत्रदाताको,

नामः

दस्तखतः

मितिः

फर्मको छापः

धर्मराज लम्साल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner